दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्भनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १०२ | बुटवल | २०८१ चैत २६, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday Apr. 08, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

शिक्षकहरूको आन्दोलनमा

## गाउँपालिका महासंघ र नगरपालिका संघको ऐक्यबद्धता

बुटवल । विद्यालय शिक्षा ऐन जारी गर्नुपर्ने मागसहित आन्दोलनरत शिक्षकहरूको आन्दोलनमा गाउँपालिका राष्ट्रिय महासंघ र नेपाल नगरपालिका संघले ऐक्यबद्धता जनाएका छन् ।

गाउँपालिका राष्ट्रिय महासंघ, नेपालकी अध्यक्ष लक्ष्मीदेवी पाण्डे र नेपाल नगरपालिका संघका अध्यक्ष भीमप्रसाद ढुंगानाले संयुक्त विज्ञप्ति जारी गर्दै शिक्षकहरूलाई काममा फर्कनका लागि अनुकुल वातावरण बनाइदिन सरकारसमक्ष माग गरेका छन् ।

साथै, विगतमा संविधानका व्यवस्थालाई बेवास्ता गरेर भएका कतिपय सम्भौता र समभ्कदारी नै समस्याको कारक भएको निष्कर्ष उनीहरूले सुनाएका छन् ।

संविधानले नै माध्यमिक तहसम्म विद्यालय शिक्षा स्थानीय सरकारको दायित्व रहेको विषय विज्ञप्तिमार्फत् पुनः स्मरण पनि गराइएको छ । 'संविधानले माध्यमिक तहसम्म विद्यालय शिक्षा स्थानीय सरकारको दायित्व रहेको पुनः स्मरण गराउँदै विगतमा संविधानका व्यवस्थालाई बेवास्ता गरी गरिएका कतिपय सम्भौता र समभ्कदारी नै समस्याको कारक भएको हाम्रो निष्कर्ष छ ।'- जारी विज्ञप्तिमा भनिएको छ ।

विद्यार्थी भर्ना अभियान तथा नयाँ शैक्षिक सत्र सुरुवात, एसईईको उत्तरपुस्तिक परीक्षणलगायतका कार्य रोकिएकोप्रति सरकारको ध्यानाकर्षण विज्ञप्तिमार्फत् गराइएको छ ।

भैरहवाबाट अन्तर्राष्ट्रिय उडान बन्द :

## महानिर्देशक अधिकारीलाई कारबाहीको माग

बुटवल । भैरहवाको गौतमबुद्ध विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान बन्द भएपछि रुपन्देहीका दुई दर्जन बढी व्यवसायिक संस्थाहरुको नेपाल नागरिक उडड्यन प्राधिकरणका महानिर्देशक प्रदिप अधिकारीलाई कारबाही गर्न माग गरेको छ ।

अप्रिल १ देखि भैरहवाबाट अन्तर्राष्ट्रिय उडान रोकिएको छ । मार्च २९ अर्थात् गत चैत १६ गतेसम्म केही चहलपहल रहेको विमानस्थलमा त्यसयता सुनसान छ ।

महानिर्देशक अधिकारीले पटक-पटक दिएका नकारात्मक र आपत्तिजनक अभिव्यक्तिले गौतमबुद्ध विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानले निरन्तरता पाउन नसकेको भन्दै सञ्जालले कारबाहीको माग गरेको हो । भैरहवामै केही महिनाअघि आयोजित एक कार्यक्रममै अधिकारीले गौतमबुद्ध विमानस्थल चल्न नसक्ने आशयको अभिव्यक्ति दिएका थिए । विदेशी एयरलाइन्स कम्पनीहरूले उडानलाई निरन्तरता नदिँदा लुम्बिनी क्षेत्रका पर्यटन व्यवसायीहरू निराश भएका छन् ।

रुपन्देहीका दुई दर्जन बढी व्यवसायिक संस्थाहरुको समूह सिद्धार्थ सञ्जालका अध्यक्ष अनिलकुमार ज्ञवाली र वरिष्ठ उपाध्यक्ष चन्द्रप्रकाश श्रेष्ठले प्रेस विज्ञप्ति जारी गर्दै रुपन्देही जिल्लामा रहेका उद्योगी-व्यवसायी, पर्यटन व्यवसायीले अधिकारीले पटक-पटक दिएका नकारात्मक अभिव्यक्तिकै कारण उडान बन्द हुन पुगेको भन्दै आपत्ति र भर्त्सना गर्दै यथाशिघ्र उनलाई कारबाहीको माग गरेका छन् ।

गौतमबुद्ध विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान नियमित सुचारु गर्न पनि सञ्जालको माग छ ।

» बाँकी ३ पेजमा

भैरहवा कारागारबाट रविको सन्देश :

# मेरो जस्तै सबैको पालो आउँछ

**अदालतको आदेशबारे केही टिप्पणी छैन, सम्मान छ भन्दै उनले उच्चको आदेशविरुद्ध सर्वोच्च जाने बताएका छन् ।**






मोहम्मद हबिब

*भैरहवा*

पूर्वगृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई भैरहवास्थित जिल्ला कारागार रुपन्देहीमा राखिएको छ । उच्च अदालत तुलसीपुर बुटवल इजलासको आदेशपछि शुक्रबार काठमाडौंबाट पक्राउ गरेर भैरहवा ल्याइएको लामिछानेलाई जिल्ला अदालतमा उपस्थित गराई कारागार चलान गरिएको हो ।

जिल्ला अदालतको फैसला उच्चले उल्टाइदिएपछि सोमबार उनलाई पूर्वपक्षका लागि थुनुवाको रुपमा राखिएको हो । १९९० मा बनेको नेपालकै पुरानामध्येको कारगारको रुपमा रहेको यो कारागारको ब्लक ४ भवनमा उनलाई राखिएको छ । सय जना क्षमताको पहिलो ब्लकमा ३ सय ४० जना, १५० जना क्षमताको दोस्रो बल्कमा २५३ जना कैदी बन्दी तथा थुनुवा रहेको रुपन्देही कारागारमा तेस्रो ब्लक महिला कैदी राखिएको छ । थुनुवाका लागि खाली रहेको चौथो ब्लकमा रविलाई राखिएको कारागार प्रशासनले जानकारी दिएको छ ।

क्षमताभन्दा बढी कैदी बन्दी रहेको जिल्ला कारागार जीर्ण अवस्थामा छ । कारागारमा लामिछानेलाई अरु कैदीबन्दीलाई राखिएका भवनभन्दा अगाडि रहेको भवनमा राखिएको छ । कोभिडको बेला प्रयोग भएको सो ब्लक स्टोरको रुपमा प्रयोग भइरहेको थियो । लामिछानेलाई रुपन्देही ल्याएसँगै सो कक्षलाई सफा गरी रंगरोगन गरिएको छ । १० देखि १५ जनासम्म राख्न मिल्ने कोठामा रविलाई भने हाल एक्लै राखिएको छ । गृहमन्त्री समेत भइसकेका रविलाई त्यहाँ राख्ने भएपछि प्रशासनले त्यसलाई विशेष रुपले हेरेको छ । रविको कारागारमा प्रवेश भएपछिको केही बेरमै कारागारमा नयाँ भ्कुल, बाल्टी, हरियो कार्पेट, टेबल पंखालगायत सामग्री लगिएको थियो ।

सोमबार बिहान करिब ११ बजे जिल्ला अदालत पेश गरेर आवश्यक प्रक्रिया पूरा गरिएपछि उनलाई केही मिनेटमै कारागारतर्फ चलान गरिएको थियो । अदालत पेश गरेपछि उनलाई थुनुवा पूर्जी दिइएको थियो । जिल्ला प्रहरी कार्यालयका डीएसपी सुरज कार्कीको नेतृत्वको टोलीले उनलाई अदालत पेश गरे लगत्तै थुनुवा पूर्जी प्रदान गर्ने प्रक्रिया पूरा गरेर कारागार लगिएको थियो । जिल्ला प्रहरीको टोलीले सोमबार बिहान कार्यालय समय भएपछि बुटवल पुगेर उच्च अदालतको आदेशको मिसिल बुभ्केको थियो । मिसिल बुभ्केर भैरहवा ल्याएपछि जिल्ला प्रहरीको हिरासतबाट लामिछानेलाई अदालत पेश गरिएको थियो । कारागार आएपछि कागजी प्रक्रिया र स्वास्थ्य परीक्षण गरेर ११ बजेर ५५ मिनेटमा रविलाई बल्क ४ मा लगिएको थियो । कारागार सुरक्षा प्रमुख र कारागारका प्रमुख सुरेश भण्डारीले उनलाई बल्कको ढोका खोली भित्र्याएका थिए । उक्त कारागारमा अहिले लामिछानेमात्रै रहेका छन्, आवश्यक परेमा अन्य कैदी बन्दीहरुलाई पनि त्यहाँ राख्न सकिने प्रशासक भण्डारीले बताए ।

कारागार पुगेका लामिछानेलाई कारागारको प्रशासनकक्षबाट थुनुवा ब्लकतर्फ जाँदै गर्दा अदालतको आदेशप्रति केही भन्नु छ भन्ने प्रश्नमा हात हल्लाउँदै उनले केही छैन, अदालतको आदेशप्रति सम्मान रहेको प्रतिक्रिया दिए ।

उच्च अदालत तुलसीपुर बुटवल इजलासको आदेशपछि शुक्रबार राति निजी निवास काठमाडौंबाट पक्राउ परेका लामिछानेको पहिलो रात जिल्ला प्रहरी परिसर काठमाडौंको हिरासतमा बितेको थियो । चैत २३ गते यति एअरलाइन्सको विमानमार्फत् बिहान ९:१२ बजे गौतमबुद्ध विमानस्थल अवतरण गराई उनलाई भैरहवास्थित जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएको थियो ।

सरकारी बिदाका कारण दुई दिन प्रहरी हिरासतमा बिताएका लामिछानेलाई जिल्ला अदालत हाजिर गराई थुनुवा पूर्जी दिई कारागार पठाइएको थियो । गत शुक्रबार उच्च अदालत तुलसीपुरको बुटवल इजलासले उनलाई सहकारीको रकम ठगेको कसुरमा पुर्पक्षका लागि थुनामा पठाउन आदेश गरेको थियो । न्यायाधीशद्वय रमेश ढकाल र स्वीकृति पराजुलीले सो आदेश गरेका हुन् । जिल्ला अदालत रुपन्देहीले उनलाई एक करोड धरौटीमा छाड्ने आदेश बदर भएको छ । उच्चको आदेशसँगै लामिछाने पक्राउ परेका थिए ।

सहकारी ठगी र संगठित अपराध मुद्दामा गत माघ १३ गते जिल्ला अदालत रुपन्देहीले एक करोड रुपैयाँ धरौटीमा छाड्ने आदेश गरेपछि जिल्ला सरकारी वकिल कार्यालय र राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं गोर्खा मिडिया नेटवर्क प्रालिका तत्कालीन प्रबन्धक निर्देशक लामिछाने दुवैले पुनरावेदनका लागि उच्च अदालत बुटवलमा निवेदन दिएका थिए ।

» बाँकी ३ पेजमा

# ५० बिघामा बुटवल मेडिकल कलेज बन्ने बाटो खुल्यो

२०७५ सालमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले कार्यालय उद्घाटन गरे पनि ६ वर्षसम्म निर्माणको काम अघि बढेको थिएन । शंकरनगर सामुदायिक वनको विशेष साधारणसभाले मेडिकल कलेजलाई ५० बिघा जग्गा दिने निर्णय गरेसँगै अब काम अघि बढ्ने आशा पलाएको छ ।



टिआर शर्मा

*बुटवल*

जग्गाको भोगाधिकार प्राप्तिमा ढिलाइ, बजेट सुनिश्चितता नहुनेलगायत कारणले ६ वर्षसम्म रोकिएको बुटवल मेडिकल कलेज निर्माणको काम अब अघि बढ्ने आशा पलाएको छ । २०७५ साल चैतमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले तामभ्काका साथ मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना कार्यालय उद्घाटन गरेका थिए ।

कार्यालय उद्घाटन भएको चार वर्षसम्म निर्माणको चरणमा आउन सकेको थिएन । सुरुमा दुई सय बिघा क्षेत्रफलमा बनाउने गरी इआइए गरिएकोमा वन मन्त्रालयले दुई सय बिघा वन क्षेत्रमा अस्पताल बनाउन नमिल्ने भन्दै ५० बिघा जमिनमात्रै उपलब्ध गराएको थियो । ५० बिघा क्षेत्रफलको वातावरणीय व्यवस्थापन मूल्याङ्कन (इपीएम) भई करिब ११ हजार ४ सय रुख काट्नुपर्ने प्रतिवेदनमा देखिएको थियो ।

त्यसपछि राष्ट्रिय स्वतन्त्र पार्टीबाट शिक्षामन्त्री बनेकी सुमना श्रेष्ठले भने यो आयोजना तिलोत्तमामा उपयुक्त नरहेको निश्कर्षसहित खारेज गर्ने तयारीमा पुगेकी थिइन् ।

रास्वपासँगै मन्त्री श्रेष्ठ सरकारबाट हटेपछि यो आयोजनालाई रुपन्देही २ का प्रतिनिधिसभा सदस्य एवं अर्थमन्त्री विष्णु पौडेलको जोडबलमा पुनःअघि बढाइएको हो ।

वन मन्त्रालयबाट ५० बिघा जग्गाको भागाधिकार प्राप्त भए पनि सामुदायिक वन उपभोक्ता समूहले संरक्षण गरेको हुँदा सामुदायिक वनले लामो समयसम्म वन क्षेत्र मेडिकल कलेजलाई दिने निर्णय नगर्दा काम अघि बढ्न सकेको थिएन । आइतबार मात्र शंकरनगर सामुदायिक वन उपभोक्ता समूहको विशेष साधारण सभाले सामुदायिक वन क्षेत्रमा निर्माण हुने बुटवल मेडिकल कलेजका लागि ५० बिघा जग्गा उपलब्ध गराउने प्रस्ताव पारित गरेको छ ।

समुदायले संरक्षण गरेको जंगल भएको र बुटवल मेडिकल कलेजलाई उक्त जग्गा भोगाधिकारका लागि सामुदायिक वनको शिफारिस आवश्यक पर्ने भएकाले सामुदायिक वनले विशेष साधारणसभाको आयोजना गरी मेडिकल कलेजलाई ५० विगाहा जग्गा उपलब्ध गराउने प्रस्ताव सर्वसम्मत पारित गरेको वनका अध्यक्ष रविन्द्र बस्नेतले बताए ।

सामुदायिक वनले निर्णय गरेपछि अब फेरि वन मन्त्रालयबाट रुख कटानको स्वीकृति लिएपछि मात्रै पहिलो चरणमा पर्खाल लगाएर घेरबार गर्ने काम सुरु हुने आयोजनाको तिलोत्तमास्थित कार्यालयका अधिकृत चुडामणि मरासिनीले बताए । पहिलो चरणमा ४८१ वटा रुख काटेर मेडिकल कलेजको जग्गा पर्खालले घेरबार गरिने उनले बताए ।

सामुदायिक वनले त्यहाँ काटिने रुख आफूहरुले उपभोग गर्न पाउनुपर्ने शर्त राखेको छ । यसमा वन विभाग सहमत भए काम छिटो अघि बढ्ने अन्यथा फेरि ढिलाइ हुने देखिन्छ ।

वनको विशेष साधारणसभामा बोल्दै लुम्बिनी प्रदेशका पूर्व मुख्यमन्त्री लिला गिरीले काटिएका रुखहरु सामुदायिक वनले पाउनुपर्ने बताए ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# चुनौतीलाई अवसरमा बदल्ने मौका

अर्थमन्त्री विष्णु पौडेलले आगामी आबको बजेट निर्माणका बारेमा आन्तरिक छलफल चलाइरहेका छन् । राजस्व संकलनमा संकुचन आएको र वैदेशिक अनुदान कटौती भएको बेला सरकारसँग स्रोत सीमित हुँदै गएको छ । स्रोत सीमित भएका बेला तहगत सरकारलाई आवश्यक बजेट पुऱ्याउन हम्मेहम्मे परेको छ । यही बेला अर्थमन्त्रीका सामु बजेट निर्माणमा नयाँ अवसर आएको छ । अर्थमन्त्रीले सीमित स्रोत देखाएर बजेटलाई संघीयताको मर्मअनुसार ल्याउन सक्छन् । बजेट कनिका छरेझैं छरेर प्रतिफल नदिने आयोजनालाई कटौती गर्न सक्छन् ।

बजेट कर्मकाण्डी दस्ताबेज मात्रै होइन । यो देशको आम्दानी र खर्चको फाँटबारी मात्रै नभई देशलाई आर्थिक विकासका लागि मार्ग निर्देश गर्ने दस्ताबेज हो । रोजगारी श्रृजना, उद्यमशिलताको विकास र नागरिकको आय बढाउने विषय बजेटमा समेटिंदा आम नागरिकले बजेटप्रति अपनत्व लिनसक्छन् । मुलुकको राजनैतिक परिर्वतनपछि आम नागरिकको विकासप्रतिको आकांक्षा पूरा गर्ने अभिभारा यो सरकारसँग छ । चुलिदो नागरिकको अपेक्षा पूरा गर्न तहगत सरकारबिच समन्वय र सहकार्य जति आवश्यक छ, स्रोतको व्यवस्थित परिचालन र खर्च उत्तिकै ध्यान दिएर विकासको प्रतिफल निकाल्नुपर्छ । यद्यपी अहिले तहगत सरकारबिच व्यवहारिक ढंगले सहकार्य फितलो छ ।

मुलुकमा संघीय शासन प्रणाली स्थापना भएको सात वर्ष बित्यो । राजनैतिक नेतृत्व शासन प्रणालीअनुसार आयो, तर वित्तीय स्रोतको बाँडफाँट केन्द्रीकृत मानसिकता हट्न सकेको छैन । स्थानीय र प्रदेश सरकारले कार्यान्वयन गर्ने योजनाको लागि पनि संघीय सरकारले बजेट विनियोजन गर्ने प्रवृत्ति हावी छ । टोलमा पुग्ने बाटो, मठमन्दिर निर्माण र मर्मत तथा साना सिँचाइ र खानेपानी आयोजनाका लागि संघीय सरकारले टुक्रे बजेट विनियोजन गर्ने प्रवृत्ति हट्न सकेको छैन ।

स्थानीय र प्रदेश सरकारको बजेटको प्रमुख स्रोत संघीय सरकारले दिने अनुदान हो । एकातिर संघीय सरकारले स्थानीय र प्रदेश सरकारले सञ्चालन गर्ने विकास आयोजनाका लागि बजेट विनियोजन गर्ने अर्कोतिर स्थानीय र प्रदेशलाई बजेट दिनुपर्ने भएकाले स्रोतमाथि चाप पर्दै आएको छ । सांसदको चित्त बुझाउनका लागि स्थानीय पूर्वाधार विकास कार्यक्रम जस्ता कार्यक्रम सञ्चालन हुँदै आएका छन् । स्रोत सीमित भएका बेला प्रतिफल दिने आयोजनाका लागि बजेट कटौती गर्ने अवसरलाई उपयोग गर्न अर्थमन्त्रीले सक्नुपर्छ । प्रदेश र स्थानीय तहले गर्नुपर्ने काम पनि संघीय सरकारले गर्दै आएकाले त्यस्ता आयोजना र बजेट प्रदेश र स्थानीय तहलाई पठाएर संघीय सरकारले अनावश्यक बोझ हटाउनुपर्छ ।

संघीय शासन प्रणालीको मर्म राजनैतिक नेतृत्व मात्रै स्थापित हुने होइन् । तहगत सरकारले योजना छनौट, बजेट विनियोजन र कार्यान्वयनका सवालले राजनैतिक प्रणालीलाई संस्थागत गर्ने वा नगर्ने निर्धारण गर्दछन् । अहिले संघीय शासन प्रणालीप्रति प्रश्न उठ्नुको कारण संवैधानिक प्रबन्ध अनुसार यो प्रणालीलाई मजबुत बनाउने गरी संघीय सरकारले वित्तीय प्रबन्ध नगर्दा हो ।

# सिकारी सरकार र निराशाको गहिराइ !



दीपेन्द्र पाण्डे

अत्याचार, जबर्जस्ती र अतिरिक्त बल प्रयोगले कसैलाई सुरक्षित राख्दैन । कथित नेतृत्वलाई तत्काल विवेकपूर्ण मार्ग अपनाउन नागरिकले अनुरोध गरिरहेका छन् । नेताात्रयले दमनको बाटो रोज्नु भयानक मूर्खता हुनेछ । नागरिकलाई स्वाभिमानी नेपाली भएर बाँच्न नदिने खेल डरलाग्दो अवस्थामा पुगेको छ । भूराजनीतिक शक्तिको रणनीतिक सक्रियता, सिकारी सरकारको कुटिल चाल र नागरिकभित्र उत्पन्न निराशालाई चिर्न असल मानिस सक्रिय राजनीतिमा हामफाल्ने उचित समय आएको छ ।

अमेरिकी लेखक एवम् हास्यकार लियो रोस्टेनका अर्थपूर्ण शब्दहरू बुझ्ने हैसियत सिकारी सरकारसँग देखिएन । रोस्टेनको सिकाइमा 'कमजोरहरू क्रूर हुन्छन्, र कोमलताको अपेक्षा केवल बलियाहरूबाट मात्र गर्नुपर्छ ।' दुर्भाग्यवश पश्चिमी उपलब्धि जोगाउन असफल कोशिस गरिरहेको 'कमजोर सरकार' नागरिकको इच्छा-चाहना र असन्तुष्टि सुन्नसमेत अनिच्छुक छ । पटके परिवर्तनलाई कब्जा गर्दै लुट, भ्रष्टाचार र कुशासनमार्फत् दलाल र बिचौलियाको सेवामा जुट्दैछ, जसले गर्दा मुलुकको अस्तित्व खतरामा परेको छ । तमाम तथ्यलाई अनदेखा गर्दै सिकारी सरकार 'क्रूरता'मा भविष्य खोज्दैछ ।

सत्रवर्षे कुशासनले रोगी बनेको लोकतान्त्रिक गणतन्त्र टिकाउनपर्ने अवस्थामा पुगेको छ । बाटो हिँड्ने युवायुवतीले गोली खानु परेको छ । नेतात्रयको मलिलो उद्योग जोगाउन सामान्य नागरिकले मृत्युवरण गर्नु परेको छ । मुलुक शोकमा डुबेको छ । औचित्य सकिएका नेता र सरकारको अलोकतान्त्रिक गतिविधिले लोकतान्त्रिक गणतन्त्र उजाड बनेको छ । नागरिकको जीवन नर्कमा परिणत भएको छ । असमानता, भ्रष्टाचार, विकृति र अन्यायले तमाम सीमा नाघेको छ । खेतीपातीको नियमअनुसार रोपेकै अन्न फलेको छ । पटके परिवर्तनको नाममा रोपिएका बाली काट्न नागरिक बाध्य भएका छन् ।

लोकतान्त्रिक गणतन्त्रको सङ्कटलाई टार्न बनाइएका गणतन्त्रवादीका कार्यक्रमले परिवर्तनलाई थप ऊर्जा मिल्दैछ । सञ्चारप्रविधि र सामाजिक सञ्जालको हानिकारक प्रभावले 'नागरिक र सरकार'को बीचमा भावनात्मक सम्बन्ध टुट्दैछ । शहरीकरणको लहर, नवउदारवादको दबदबा, कृत्रिम बुद्धिमत्ता, क्रोधित युवा, सामाजिक सञ्जाल र स्मार्टफोनले परम्परागत राजनीति र शक्ति सन्तुलनमा हलचल ल्याएको छ । 'डिजिटल विचलन', ट्रोलिङ र आपत्तिजनक अनलाइन व्यवहार राजनीतिको आधुनिक सङ्कट बनेको छ ।

वास्तवमा, जब कुनै सरकारले आफ्नै जनताविरुद्ध अधिक शक्ति प्रयोग गर्न बाध्य हुन्छ । सरकार कमजोर र असुरक्षित भएको सङ्केतको रूपमा बुझ्नु उचित हुनेछ । असुरक्षित राज्यले सामान्य नागरिकलाई शत्रुको रूपमा देख्ने गल्ती गर्दछ । नागरिकसँग डराएको सरकार हरेक दमनलाई विजयको आधार देख्न हौसिन्छ । जसले गर्दा आफ्नै अस्तित्वलाई खतरामा पार्दछ । सरकारको अलोकप्रिय गतिविधि राज्यको विघटनको कारण बन्न सक्छ । जसलाई असफल सरकारले बुझेको देखिँदैन । बुझेको उदाहरण छैन । जुन कुरा असफल राज्यको लक्षण हो ।

राजनीतिक सिद्धान्त बुझेको सेनाले सदा सदैव मजबुत देशको वकालत गरिरहेको हुन्छ । सरकारको अपारदर्शी र अलोकप्रिय कार्यक्रमले राजनीतिक अस्थिरतालाई निम्त्याउँछ । जसले शासकलाई कुशासनतर्फ लम्किन बल प्रदान गर्दछ । अन्ततः नागरिकले बलिदान दिनुपर्ने अवस्थातर्फ धकेल्छ । राष्ट्रिय सुरक्षालाई गम्भीर अवस्थामा पुऱ्याउँछ । दुर्भाग्यवश खल्लो दम्भमा बाँचिरहेको सरकारले मुलुकलाई विद्रोह र द्वन्द्वको भुमरीमा पार्दैछ । मुलुकको अस्तित्वलाई खतरामा पार्दैछ ।

सरकारले राजनीतिक समाधान खोज्नुको सट्टा उत्ताउलो बन्दैछ । खल्लो र असफल उपायहरू अपनाउँदै छ । जसले बढ्दो सार्वजनिक असन्तुष्टिलाई बढाउँदै छ । सरकार दिन प्रतिदिन गैरजिम्मेवार बन्दैछ । जनताको विश्वास गुमाउँदै छ । जबरर्जस्ती शक्तिको प्रयोगले अस्थायी शान्ति सुनिश्चित मात्र गर्न सक्छ । दीर्घकालीन शान्तिको कल्पना गर्नु मूर्खता र मुलुकविरुद्ध धोका मात्र हो । विगतमा धेरै मुलुकले गर्दै आएको गल्ती मुलुकले दोहोऱ्याउँदै छ । यसले परिस्थितिलाई अझ बिगारेको छ । सरकारद्वारा सम्पन्न कुशासनले सिर्जना गरेको डढेलो मुलुकमा फैलिएको छ । जबर्जस्ती शक्ति प्रयोग गरेर यसलाई निभाउन असम्भव छ ।

शहीदको रगत बिर्सिएको सरकार विचारहीन र दमनकारी नीति अँगाल्न न्वारनदेखिको बल लगाउँदै छ, जसको मूल्य मुलुकले चुकाइरहेको छ । सरकारसँग जनताको विश्वास जित्ने स्पष्ट नीति र कार्यक्रम हराएको लामो समय भइसकेको छ । सिकारी राज्यले लोकतान्त्रिक गणतन्त्र दिएको बहानामा जनताको हितलाई तिलाञ्जली दिएको छ । मतादेशको दम्भ देखाउँदै बहुमूल्य समय बरबाद गरिरहेको छ । खल्लो शासकीय अभिव्यक्ति र उन्मत्त व्यवहार देखाउन मरिहत्ते गरिरहेको सरकारले नागरिकको भावना र चाहनाको खिल्ली उडाइरहेको छ ।

वास्तवमा, सार्वजनिक असन्तुष्टिलाई कानुनको बलमा नियन्त्रण गर्ने दम्भले सरकारलाई रक्षात्मक बनाएको छ । भ्रष्टाचार र उत्पीडन विरुद्ध बढ्दो जन-असन्तोषको सम्बोधन गर्नुको सट्टा कथित लफ्फाजीको प्रयोग गर्न हौसिएको छ । व्यवस्था र प्रणालीको खुस्किएको पेच किला कस्न असफल भएको सरकारले राजनीतिक जिम्मेवारीलाई अनदेखा गरिरहेको छ । त्यागलाई चटक्क बिर्सेको सत्ताले मुठभेड र हिंसालाई स्वागत गरिरहेको छ । नालायकी र कथित व्यवहारले भयानक रूप लिएको बिर्सेर जबर्जस्ती गरिरहेको छ । जसले गर्दा 'गणतन्त्रका श्री ३'हरू थप बदनाम बन्दैछन् ।

मुलुकमा जे भइरहेको छ, नागरिकको पक्षमा नरहेको खुलिसकेको छ । नागरिक र लोकतान्त्रिक गणतन्त्रको 'आधारभूत मूल्य र मान्यता'लाई राज्यले इन्कार गर्दाको परिणाम हो । छुच्चो बोली र अलोकतान्त्रिक गतिविधि कमजोर शासनको सङ्केत हो । कुनै पनि सरकारले आफ्ना नागरिकको मन तब मात्र जित्न सक्छ, जब नागरिकको प्रतिनिधित्व र इच्छाको सम्मान गर्दछ । दुर्भाग्यवश दमनकारी राज्यले उल्लेखित विचारलाई बुझ्न सक्दैन । फलस्वरूप नागरिकको विश्वसनीयता गुमाउँदै लोकतान्त्रिक मागलाई दबाउन उत्रिन्छ ।

'सिकारी राज्य र सरकार'ले नागरिक समर्थनको आशा गर्न सक्दैन । नागरिकको मौलिक अधिकार हडपेर लोकतन्त्रको अभ्यास गरिरहेको सिंहदरबार आजसम्म जवाफदेही बन्न चाहेन । राज्यको गैरजिम्मेवार गतिविधिले आफ्नै जनताको विश्वास गुमाउँदा मुलुक नयाँ द्वन्द्वमा फस्दैछ । सुरक्षा चुनौतीलाई थेग्न नसकेको राज्यले जनताबीचको बढ्दो खाडललाई पुर्न सक्दैन । वास्तवमा वर्तमान सत्ता, शासक र प्रणालीले नागरिकलाई सन्तुष्ट राख्ने सम्भावना लगभग टुटेको छ ।

सत्तारुढ या सत्तासीन पार्टीका कार्यकर्ताको व्यवस्थापनले राज्य संस्थालाई ध्वस्त पारिरहेको छ । सत्ताको अराजनीतिक गतिविधिको बोझले थलिएको न्यायपालिकाले आफ्नो स्वतन्त्रता र पवित्रता जोगाउन हम्मे-हम्मे परेको छ । न्यायपालिकामाथि लादिएको बोझको छिनोफानो समयमा गर्न नसक्दा मुलुकमा कानुनको शासन रहेको महसूस पातलो बन्दैछ । निःसन्देह मुलुकमा विदेशी हस्तक्षेपको निरन्तरता टुट्न सकेको छैन । बाह्यशक्तिको भूमिकाले चिन्तित नभएका राजनीतिक दलहरू कुर्सी स्वार्थमा सबै अनुपयुक्त विषयलाई बिनासर्त स्वीकार गरिरहेका छन् । राज्यको असफलता देखिने गरी आएको पछिल्लो अवस्थामा विदेशी हस्तक्षेपको लागि अनुकूल परिस्थिति सिर्जना गरेको छ ।

मुलुकको जोखिम महत्त्वपूर्ण स्तरमा पुगेको छ । शिक्षा, स्वास्थ्य र पूर्वाधारमा सरकारको उपस्थिति घट्दै गएको छ । समाजवादउन्मुख संविधानको मूल्य ओरालो लागेको छ । जनता झुक्क्याउन डिजाइन गरिएको संविधान बचाउनुपर्ने अवस्थामा पुग्दैछ । परिवर्तनको रङ्ग धमिलो भएको छ । निषेधको राजनीतिले द्वन्द्व सम्भव मात्र होइन; अपरिहार्य छ भन्ने अवस्थातर्फ धकेलिएको छ । वास्तवमा लोकतान्त्रिक गणतन्त्र बदनामीको कारण राष्ट्रपति ट्रम्प, प्रधानमन्त्री मोदी होइनन्, यसको प्रमुख कारण 'गणतन्त्रवादीको कुशासन' हो भन्ने नागरिकको ठम्याइ छ ।

सिंहदरबारले आफ्नो दृष्टिकोण साँघुरो बनाउँदै छ । युवाहरूमा आक्रोश रोप्दैछ । सम्पूर्ण जनसत्यालाई समायोजन गर्ने दूरदर्शी नीति त्याग्दैछ । कानुन प्रवर्तनकर्ताद्वारा गरिएको कठोर व्यवहार र सडकमा देखिएको ताण्डवले मुलुक असफल राष्ट्रको मुखैमा छ । सिंहदरबारले सिर्जना गरेका तथाकथित गतिविधि र कार्यशैलीपश्चात् मुलुकले सामना गर्नुपर्ने कठिनाइ अनियन्त्रित बन्दैछ । नागरिक बीचमा ध्रुवीकरण र शत्रुतालाई योगदान पुऱ्याउँदै छ । प्रणालीमा विश्वास पुनर्स्थापित गर्न जवाफदेहिता सुनिश्चित गर्नुपर्नेछ । दुर्भाग्यवश नेतात्रयको 'लुट'लाई यथावत् राखेर नागरिकको आक्रोशलाई शान्त पार्न सकिँदैन भन्ने लोकतान्त्रिक गणतन्त्रवादीले बुझ्न ढिला भइसकेको छ ।

अन्तमा, समाधान सरल थियो र छ- नेतात्रयको आत्मसमर्पण र राजनीतिक सन्न्यास । अत्याचार, जबर्जस्ती र अतिरिक्त बल प्रयोगले कसैलाई सुरक्षित राख्दैन । कथित नेतृत्वलाई तत्काल विवेकपूर्ण मार्ग अपनाउन नागरिकले अनुरोध गरिरहेका छन् । नेतात्रयले दमनको बाटो रोज्नु भयानक मूर्खता हुनेछ । नागरिकलाई स्वाभिमानी नेपाली भएर बाँच्न नदिने खेल डरलाग्दो अवस्थामा पुगेको छ । भूराजनीतिक शक्तिको रणनीतिक सक्रियता, सिकारी सरकारको कुटिल चाल र नागरिकभित्र उत्पन्न निराशालाई चिर्न असल मानिस सक्रिय राजनीतिमा हामफाल्ने उचित समय आएको छ । मुलुकले भोगिरहेको जटिल परिस्थितिलाई अनदेखा गरिए स्वाभिमानी नेपालीहरूको आगामी दिन 'नेपाल' खोज्दैमा बित्नेछ ।

घटना र विचारबाट

# २६७० अंकमा झऱ्यो सेयर बजार



काठमाडौं । सोमबार सेयर बजारको परिसूचक नेप्से २७ सयभन्दा तल झरेको छ । २७०३ अंकबाट खुलेको बजार बन्द हुँदा ३३.३३ अंक घटेर २६७० मा कायम भएको छ ।

कुल २३ कम्पनीको मूल्य बढ्दा २२१ को घट्यो । बजारको अंकसँगै कारोबार रकम पनि घटेको छ ।

सबै सेक्टरका सूचक घटेका छन् । व्यापार सबैभन्दा धेरै ३.१ प्रतिशत घट्यो । बैंकिङ ०.९७, विकास बैंक १.११, होटल तथा पर्यटन १.३५, फाइनान्स २.२६, हाइड्रोपावर १.३७, लगानी १.६९, जीवन बीमा ०.८३, उत्पादन १.४२, माइक्रोफाइनान्स १.०३, निर्जीवन बीमा १.२२ र अन्य ०.४४ प्रतिशत घटे ।

बलेफी हाइड्रोपावर कम्पनीको मूल्य सबैभन्दा धेरै ७.४६ प्रतिशत बढ्यो । त्यस्तै बुटवल पावरको ६.६३, सिन्धु विकास बैंकको ६.४४ तथा उन्नति सहकार्य लघुवित्तको ६.११ प्रतिशत बढ्यो । अपरहेवाखोलाको मूल्य सबैभन्दा धेरै ९ प्रतिशत घट्यो । हिमालयन पावर पार्टनरको ४.३२, समृद्धि फाइनान्सको ४.०१, प्रतिशत घट्यो । हिमालयन रिइन्स्योरेन्स, एनआरएन इन्फ्रास्ट्रक्चर, नेपाल पुनर्बीमा, राधि विद्युत् र हिमालयन पावर पार्टर कारोबारका आधारमा क्रमशः शीर्ष पाँच कम्पनीभित्र परे ।

# किन लाग्छ दाँतमा किरा ? जोगाउने कसरी ?

दाँत ३ तहले बनेको हुन्छ । पहिलो तह दाँतको बाहिरी भाग जो हेर्दा सेतो देखिन्छ । मेडिकल भाषामा यसलाई इनामेल भनिन्छ । दोस्रो तह इनामेलभन्दा भित्रको तह हो जसलाई हामी 'डेन्टिन' भनिन्छ । इनामेलको तुलनामा यो अलि कमजोर हुन्छ । र तेस्रो तह भनेको सबैभन्दा भित्री भाग हो जसलाई हामी 'पल्प' भनिन्छ । यो तहमा रक्तसञ्चार समेत भइरहेको हुन्छ । र यो दाँतको सबैभन्दा कमजोर भाग हो ।

हाम्रो मुख भित्र ७०० देखि ९०० सय प्रकारका ब्याक्टेरिया हुन्छन् । त्यसमध्येको एक हो एक हो 'स्टेप्टोकोकस ब्याक्टेरिया' । हामीले खाएका पदार्थहरु जब दाँत र गिजाको बिचमा, दाँतको चपाउने भागमा वा दाँतहरुबिचको कापमा दन्तलेउको रुपमा अड्केर बस्छ स्टेप्टोकोकस ब्याक्टेरियाले तत्काल एसिड उत्पादन गर्न थाल्छ ।

सो एसिडले बाहिरी तह अर्थात् 'इनामेल' भनिने भाग खिइन थाल्छ । सोही खिइएको ठाउँबाट ब्याक्टेरिया दाँतको भित्री भागमा छिर्छ । र जति भित्र जान्छ संक्रमण बढाउँदै जान्छ ।

एसिडले दाँतको बाहिरी भाग अर्थात् इनामेल फोडेपछि त्यसभित्रका भागहरु फोडन गाह्रो हुँदैन । इनामेल फोडेसँगै ब्याक्टेरियाले भित्र थप खोल्स्याउँदै जान्छ । जब दाँत खोल्सिदै जान्छ, खानेकुराहरु त्यही गएर अडकन्छ, र जब अडकन्छ थप एसिड उत्पादन हुन थाल्छ । झनझन दाँत खोक्रिदै जान्छ ।

**गुलियोले मात्रै बिगार्ने होइन दाँत**

विशेषगरी बालबालिकालाई गुलियो खानेकुरा दिँदा दाँत किराउछ भन्ने भ्रम छ । गुलियो मात्रै होइन जुनसुकै खाद्यपदार्थले पनि दाँत बिगार्छ । यदि त्यो दाँतमा रह्यो भने । तर, के पनि हो भने चकलेट र मिठाई खाँदा ती पदार्थहरु चिप्कने र त्यहिबाट एसिड उत्पादन सुरु हुने र दाँत किराएको देखिने भने सही हो ।

चिनीपानी, मह जस्ता गुलियो चिज खाँदा त्यसको असर भने कम हुन्छ । खानेकुरा जब दाँत वा मुखमा रहनासाथ एसिड उत्पादन भई त्यसले दाँत विगार्ने हो ।

**दाँत जोगाउन के गर्ने ?**

विहान बेलुका खाना खाइसकेपछि फोलोराइडयुक्त मन्जनले दाँत माज्ने । दाँत माज्दा चपाउने भागमा पनि माज्ने ।

बच्चालाई सुतेर खानेकुरा वा दूध खान नदिने । त्यसरी दिँदा खानेकुरा मुखभर रहन्छ र दाँतमा एसिड उत्पादन तिब्र हुन्छ ।

कोल्डड्रिङ्स खाँदा सकेसम्म पाइपको प्रयोग गर्ने बोतलबाट वा गिलासबाट खाँदा दाँतको बाहिरी भाग अर्थात् इनामेल खियाउने काम गर्नसक्छ । तर पाइपबाट खाँदा दाँतलाई त्यति असर गर्दैन । बिस्कुट चक्लेट तथा अन्य खानेकुरा खाईसकेपछि सकेसम्म मुख कुल्ला गर्ने ।

हल्का कालो वा पहेलो दाँत देखिनासाथ उपचारका लागि सम्पर्क गर्ने । सुरुमै जाँच गर्दा दाँतको उपचार सहज हुन्छ ।

हेल्थ खबरबाट



**सल्यानको काफलः**

सल्यानको कपुरकोट गाउँपालिका-३ स्थित कपुरकोटबाट दाङको तुलसीपुर बजारमा बिक्रीका लागि लान तयार गरिएको काफल। सल्यानमाभन्दा महँगोमा बिक्री हुने भएकाले तुलसीपुर बजारमा लान लागेको व्यापारी बताउँछन्। तस्विरः कुलदीप न्यौपाने/रासस

# अध्यक्षमाथि आक्रमण गर्ने आचार्य चार दिनदेखि फरार

कावासोती। नवलपुरको विनयी त्रिवेणी गाउँपालिका अध्यक्ष घनश्याम गिरी माथि आक्रमण गर्ने सन्दिप आचार्य चार दिन फरार छन्।

उनलाई प्रहरीले खोजि राखेको बताए पनि हालसम्म उनि पक्राउ भएका छैनन्।

आचार्यले शुक्रबार गाउँपालिकाको कार्यालय परिषरमा गाउँपालिका अध्यक्ष गिरी माथि आक्रमण गरेका थिए। घटना लगत्तै फरार रहेका आचार्यको खोजी कार्य जारी राखेको जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रमुख प्रहरी उपरीक्षक (एसपी) यादव ढकालले बताए।

आचार्यको खोजीकार्यका लागि प्रहरी परिचालनदेखि उनको अन्तिम लोकेसन पत्ता लगाउने काम भइरहेको उनले जनाए।

गाउँपालिका अध्यक्षमाथि आक्रमण गर्ने व्यक्ति हालसम्म पक्राउ नहुँदा कार्यालयमा कार्य गर्न समेत असहज परिस्थिति महसुस जनप्रतिनिधिहरुले गरिरहेको गाउँपालिकाका प्रवक्ता नुरेन्द्र शाहाले बताए।

गाउँपालिका अध्यक्षमाथि आक्रमण गर्ने व्यक्तिलाई तत्काल कानुनी कारबाहीको दायरामा ल्याउँदै सहज वातावरणमा कार्यसम्पादन गर्ने अवस्था सृजना गर्न समेत उनले राजनीतिक दल, नागरिक समाज, सुरक्षा निकायलाई अनुरोध गरेका छन्।

नेकपा एमाले निकट राष्ट्रिय युवा संघको गाउँपालिका कमिटी अध्यक्ष समेत रहेका आचार्यलाई एमालेले पार्टीको साधारण सदस्य समेत नरहनेगरी कारबाहीका लागि गाउँपालिका कमिटीले जिल्ला कमिटीलाई सिफारिस गरेको छ।

आचार्यलाई गाउँ कमिटीबाट प्राप्त सिफारिसको आधारमा कारबाहीको प्रक्रिया अघि बढेको जिल्ला कमिटी अध्यक्ष जीवन श्रेष्ठले बताए।

**कारबाही गर्न कार्मचारीहरुको माग**

विनयी त्रिवेणी गाउँपालिकामा कार्यरत कर्मचारीहरुले गाउँपालिका अध्यक्ष घनश्याम गिरी माथि आक्रमण गर्ने सन्दिप आचार्यलाई तत्काल कारबाही गर्न माग गरेका छन्।

चार दिनदेखि फरार रहेका आचार्यलाई कारबाहीको माग गर्दै नेपाल निजामती कर्मचारी युनियन विनयी त्रिवेणी गाउँपालिका र नेपाल निजामती कर्मचारी संगठन विनयी त्रिवेणी गाउँपालिकाले संयुक्त प्रेस विज्ञप्ति जारी गरेका हुन्।

गाउँपालिका अध्यक्ष घनश्याम गिरी माथि गत शुक्रबार कार्यालय परिषरमा सन्दिप आर्चायले आक्रमण गरेका थिए। अपराधिक मानसिकताका साथ गाउँपालिका अध्यक्ष गिरी माथि भएको घटनाले पालिका भित्रका जनप्रतिनिधि र कर्मचारीहरुको मनोबलमा समेत खलल पुगेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

विज्ञप्तिमार्फत् दुवै संगठनले शुक्रबारको घटनाले समाजमा विकृत्त तथा उच्छृंखल प्रवृत्तिलाई बढवा दिने तथा गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहमा समेत गम्भीर असर पुऱ्याउने भएकाले उक्त घटनामा संलग्न व्यक्तिलाई कानून बमोजिम कडाभन्दा कडा कारबाहीका लागि सम्बन्धी निकायसँग माग समेत गरेका छन्।

# सहकारी संस्थाहरूलाई सुशासन अभिमुखीकरण



**बासुदेव ढकाल**
*रामपुर (पाल्पा)*

पाल्पाको रामपुर नगरपालिकाले नगर भित्रका सहकारी संस्थाहरुलाई सहकारीमा सुशासनसम्बन्धी अभिमुखीकरण कार्यक्रम भएको छ। ६८औं राष्ट्रिय सहकारी दिवसको अवसर पारेर रामपुरमा नगरभित्र सञ्चालनमा रहेका सहकारीका सञ्चालक समिति र कर्मचारीहरुलाई अभिमुखीकरण प्रदान गरेको हो।

रामपुर नगरपालिकाको सहयोग नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लिमिटेड र लुम्बिनी प्रदेश बचत तथा ऋण सहकारी संघ लिमिटेडको प्राविधिक सहयोग, जिल्ला बचत तथा ऋण सहकारी संघ, अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था र रामपुर बचत तथा ऋण सहकारी संस्थाको समन्वयमा अभिमुखीकरण कार्यक्रम भएको हो।

लुम्बिनी प्रदेश बचत तथा ऋण सहकारी संघ लिमिटेडका अध्यक्ष कृष्णप्रसाद नेपालको अध्यक्षतामा भएको कार्यक्रम रामपुर नगरपालिकाका नगरप्रमुख रमणबहादुर थापाले कार्यक्रमको उद्घाटन गर्दै सहकारी प्रति सकारात्मक सन्देश प्रवाह गर्नु आवश्यक रहेको बताए। ऋण लगानीको क्रममा ख्याल नगर्दा सहकारीहरुमा समस्या देखिएको भन्दै थापाले विशेष ख्याल गरेर जुन उद्देश्यका लागि ऋण प्रदान गरिएको हो। सोहीअनुसार अनुगमन पनि गर्नु आवश्यक रहेको उनले बताए। बजार क्षेत्रमा सीमित व्यक्तिहरुले सञ्चालन गरेका सहकारीमा समस्या देखिएकाले अन्य स्थानका सहकारीलाई समेत असर गरेको उनले जनाए। रामपुर नगरपालिकाले युवा स्वरोजगार कार्यक्रममार्फत् उद्यमीहरुलाई व्याज अनुदान प्रदान गर्दै आएको जानकारी दिँदै उनले नगरपालिका सहकारीसँग सहकार्य गरेर अघि बढ्न तप्पर रहेको बताए।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कुन)का अध्यक्ष चन्द्रप्रसाद ढकालले बैंक र सहकारीबिचको फरक के हो भन्ने विषयमा बहस हुनु आवश्यक रहेको बताउँदै सहकारीको विकल्प सहकारी नै भएकोले राज्यले व्यवस्था गरेको नीति नियममा रहेर सुशासन कायम गर्न सके सहकारीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सकिने बताए। सरकारले जारी गरेको ऐन लागू भएमा सहकारी भित्रको विकृति अन्त्य हुने उनको दाबी छ।

उनले पछिल्लो पटक भएको सहकारी ऐन तथा प्रतिस्थान विधेयक सहकारीको विकासको पक्षमा रहेको स्पष्ट पारे। रामपुर नगरपालिकाका उपप्रमुख बालकुमारी थापाले नीति नियम र व्यवस्था अनुसार सहकारी कसरी चलेको छ भन्ने विषयमा स्वमुल्याङ्कन गर्ने समय आएको बताइन्। उनले नगरभित्र सञ्चालनमा रहेका सहकारीहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि पहल गर्दै आएको जनाइन्। लुम्बिनी प्रदेश बचत तथा ऋण सहकारी संघ लिमिटेडका अध्यक्ष कृष्णप्रसाद नेपालले संघमा आबद्ध हुन आग्रह समेत गरे। कार्यक्रममा नेफ्स्कुनका वरिष्ठ अधिकृत नवीनराज दाहालले सहकारी सञ्चालनको लागि गरिएको व्यवस्था, व्यवस्थित रुपमा सहकारी सञ्चालन गर्ने तरिका, संशोधनसहितको सहकारी ऐन, प्रतिष्ठापन विधेयकलगायतका विषयमा प्रशिक्षण दिएका थिए।

जिल्ला बचत तथा ऋण सहकारी संघ पाल्पाका अध्यक्ष जगदीश भट्टराईको स्वागतबाट सुरु भएको कार्यक्रममा सहभागीहरुलाई अन्धकारमुक्ति साकोसका अध्यक्ष सागरप्रसाद देवकोटाले धन्यवाद ज्ञापन गरेका थिए। कार्यक्रमको सञ्चालन महासचिव वसन्तप्रसाद ढकालले गरेका थिए। नमस्ते पाल्पा होटलको सभाहलमा भएको कार्यक्रममा रामपुर नगरभित्र रहेका सहकारी संस्थाका अध्यक्षसहित पदाधिकारी र व्यवस्थापकहरुको सहभागिता रहेको थियो।

# नारायणी नदीमा हाम फालेर एक जना महिला बेपत्ता



नवलपुर। नवलपुरको गैंडाकोट नगरपालिका २ नारायणी नदी पुलबाट नारायणी नदीमा हाम फालेर एक जना महिला बेपत्ता भएकी छिन्।

जिल्ला प्रहरी कार्यालय नवलपुरका अनुसार सोमबार दिउँसो सवा ३ बजेतिर नाम थर वतन नखुलेको अन्दाजी ६०/६५ वर्षीया महिला बेपत्ता भएकी हुन्।

पहेलो सारी, पहेलो ब्लाउज लगाएकी महिला हाम फालेको भनि पैदल यात्रीमार्फत् जानकारी प्राप्त हुना साथ निजको खोजी कार्य सुरु गरिएको इलाका प्रहरी कार्यालय गैंडाकोटले जनाएको छ।

बेपत्ता महिलाको खोजी कार्य जारी रहे पनि अझैं फेला नपरेको प्रहरीले जनाएको छ।

## मेरो...

**के हुन्छ धरौटी**

उच्च अदालत तुल्सीपुरले रास्वपा सभापति रवि लामिछानेलाई पुर्पक्षका लागि करागार पठाएसँगै अदालतले तोकिएको धरौटीबारे जनचासो बढेको छ। विभिन्न अदालतको आदेश अनुसार करोडौ धरौटी बुझाएर छुटेका लामिछानेले धरौटी रकम बढी भएको भन्दै आफैं पुनरावेदन गरेका थिए। सरकारी पक्षबाट पनि चारवटै आदेशहरूविरुद्ध पुनरावेदन भएका छन्। त्यसमध्ये तुल्सीपुर उच्च अदालतले रुपन्देही जिल्ला अदालतको आदेश उल्टाइदिएको हो।

रुपन्देही जिल्ला अदालतमा रविले १ करोड रुपैयाँ धरौटी बुझाएर छुटेका थिए। जिल्ला अदालतको फैसला उच्चले उल्टाइदिएपछि लामिछानेले बुझाएको एक करोड रकम के हुन्छ भन्ने प्रश्न उठेको छ। साथै, अन्य अदालतहरुमा पनि लामिछानेले बेग्लाबेग्लै धरौटी रकम बुझाएका छन्, स्रोतका अनुसार लामिछाने कारागार गएपछि धरौटी रकम कानुनः फिर्ता पाउनुपर्छ। त्यसका लागि उनले नै प्रक्रिया थाल्नुपर्छ।

लामिछानेलाई यसअघि धरौटी तोकेको रुपन्देही जिल्ला अदालतका श्रेष्तेदार यज्ञमूर्ति ज्ञवालीले माथिल्लो अदालतले यहाँको आदेश बदर गरेर थुनामा पठाएपछि सम्बन्धित व्यक्ति कारागार गएर निवेदन दिए फिर्ता हुने बताए।

'कुनै पनि अभियुक्तलाई तल्लो अदालतले धरौटी लिएर रिहा गरेको छ र माथिल्लो अदालतले थुनामा पठायो भने धरौटी फिर्ता हुन्छ। 'म थुनामा रहें, धरौटी फिर्ता पाऊँ' भनी निवेदन दिएपछि जग्गा रहेछ भने रोक्का फुकुवा हुन्छ, नगद भए नगदै हुन्छ। त्यसका लागि पहिले निवेदन आउनुपर्यो।'-ज्ञवालीले भने।

जिल्ला अदालत रूपन्देहीले लामिछानेलाई सुप्रिम सहकारी ठगी प्रकरणमा १ करोड रुपैयाँ धरौटी लिएर बाहिरै बसी मुद्दाको प्रतिवाद गर्ने सुविधा दिएको थियो।

लामिछानेलाई यसअघि कास्की, काठमाडौं र चितवन जिल्ला अदालतले पनि अलग-अलग सहकारीको रकम ठगीसम्बन्धी अभियोगमा धरौटीमै रिहा गरेका थिए। काठमाडौंमा उनले ६० लाख र चितवनमा ५४ लाख रुपैयाँ धरौटी बुझाउनुपरेको थियो। यस्तै कास्की जिल्ला अदालतले सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा रविसँग ६५ लाख रुपैयाँ धरौटी माग गरेको थियो।

आदेशलाई सम्मान गर्दै कानुनले दिएको अधिकार प्रयोग गर्ने

शुक्रबार पक्राउ परेपछि रुपन्देही प्रहरी हिरासतमा रहेका लामिछानेसँग पार्टीका नेताहरूले भेट गरिरहेका छन्। हिरासतमै पुगेर नेतामार्फत् उनले ४ वटा सन्देश समेत पठाएका छन्। उनले तल्लो अदालतको आदेशविरुद्ध माथिल्लो अदालत अर्थात् सर्वोच्च जाने जनाउ दिँदै अदालतको आदेशलाई सम्मान गर्दै उनले कानुनले दिएको अधिकार प्रयोग गर्ने बताए।

रविले भने-'न्यायको मन्दिरबाट अन्याय हुने छैन, म विश्वस्त छु। तर, विभिन्न आशंका उठेका र उठाइएका छन्, ति गलत सावित हुनेछन्।'

पार्टीलाई एक ढिक्का राखेर अभियानलाई निरन्तरता दिन उनले आग्रह गरेका छन्। 'सक्नु हुन्छ बढाउनुस्, नसके पनि नघटाउनुस्, अभियानलाई जनताको बिचमा पुऱ्याउनुस्।'-उनी भने।

आफूमाथि राजनीतिक प्रतिशोध भएको रविको गुनासो छ। 'पालो सबैको आउँछ। यो परीक्षाको पहिलो विद्यार्थी म भएँ। मैले जसरी नै जाँच अरूले पनि दिनुपर्ने छ।'-उनले भनेको पार्टीका एक नेताले उदृत गर्दै सुनाए।

कारागार चलान भएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले निकट नेताहरूमार्फत् ४ वटा सन्देश पठाएका छन्। सोमबार रुपन्देही जिल्ला अदालतस्थित कारागार पुगेपछि लामिछानेले पठाएको सन्देश उनीनिकट नेताहरूले सार्वजनिक गरेका हुन्।

उनले आफूमाथि राजनीतिक प्रतिशोध भएको भन्दै पालो सबैको आउने बताएका छन्।

'अहिले ममाथि राजनीतिक प्रतिशोध भयो। पालो सबैको आउँछ,' लामिछानेले भनेका छन्-'यो परीक्षाको पहिलो विद्यार्थी म भएँ। मैले जसरी नै जाँच अरूले पनि दिनुपर्ने छ।'

## महानिर्देशक...

अन्यथा शान्तिपूर्ण आन्दोलनमा जान बाध्य हुने अध्यक्ष ज्ञवालीले बताए।

नागरिकले तिरेको करको अर्बौं लगानीमा निर्माण भएको विमानस्थल पूर्ण क्षमतामा नचल्दा विमानस्थल लक्षित गरी निजी क्षेत्रले गरेको झण्डै एक खर्ब लगानी संकटमा परेको हुँदा अन्तर्राष्ट्रिय उडान नियमित गर्नुपर्ने उनले माग गरे।

'प्रधानमन्त्री, पर्यटनमन्त्री, मुख्यमन्त्रीलाई अल्टिमेटमसहित ज्ञापनपत्र बुझायौं, उहाँरुले जसरी पनि नियमित अन्तर्राष्ट्रिय उडान हुने आश्वासन दिनुभयो तर, व्यवहारमा कार्यान्वयन हुन सकेन,' ज्ञवालीले भने-'यसका पछाडि के स्वार्थ छ त्यो पनि खोजबिन हुनुपर्छ, काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा मर्मतको काम भइरहेको बेला मात्र अन्तर्राष्ट्रिय उडान गरेजस्तो देखियो।'

यहाँबाट नेपाल एयरलाइन्सको विमान बाहेक अन्य अन्तर्राष्ट्रिय उडान हप्तामा एक दिन मात्र हुनेछ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल १८ घण्टा सञ्चालन भएपछि भैरहवाबाट उडान बन्द हुनु संयोग मात्र नभएको उनीहरुको भनाइ छ। गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका प्रवक्ता श्यामकिशोर साहका अनुसार जजीरा एयरलाइन्स, फ्लाई दुबई र थाइ एयर एसियाले 'समर शेड्युल' तय नगरेका कारण उडान बन्द भएको हो। जजीरा एयरलाइन्सले मे महिनाबाट उडान सुरु गर्ने आश्वासन दिएको उनले बताए।

विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान नहुनु सरकारी उदासिनता भएको र भैरहवालाई 'डाइभर्सन पुल' को रूपमा प्रयोग भएको आरोप यहाँका व्यवसायीले लगाएका छन्। सरकारले विमानस्थलमा आवश्यक सरकारी कार्यालयहरु स्थापना नगरेको, समयमै विमान कम्पनीहरूलाई छुट सुविधा नदिएको र काठमाडौंका व्यवसायीहरूले भैरहवाबाट उडान हुन नदिन अनेक प्रपञ्च रहेको आरोप पनि यहाँका व्यवसायीले लगाएका छन्।

तथ्याङ्क अनुसार, जनवरी, फरवरी र मार्च महिनामा भैरहवा विमानस्थलबाट १५,१४८ यात्रुले सेवा लिएका छन्। यसमा ८,०३९ आगमन र ७,१०९ उडान गरिएको छ। मार्च महिनामा जजीरा एयरलाइन्स र फ्लाई दुबईले सबैभन्दा बढी यात्रु बोकेका छन्।

सिद्धार्थ सञ्जालका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रकाश श्रेष्ठले विमानस्थल सञ्चालन नहुँदा होटल तथा पर्यटन क्षेत्रमा भएको करिब एक खर्ब लगानी डुब्ने अवस्थामा पुगेको बताए।

नेपाल चेम्बर अफ कमर्स लुम्बिनी प्रदेशका अध्यक्ष टंकप्रसाद पोखरेलले कम्तीमा पनि नारायणगढ पश्चिमका नागरिकले भैरहवा विमानस्थल प्रयोग गर्ने गरी निर्णय हुन सके श्रम, स्वास्थ्य, मेनपावरलगायत कार्यालय स्वतः आउने बताए।

## ५० बिघामा...

घेरबारका लागि सरकारले एक करोड १० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। घेरबारको काम सम्पन्न भएपछि लगत्तै मेडिकल कलेजको प्रशासनिक भवनको काम अघि बढ्ने मरासिनीले बताए।

**एक हजार बेडको अस्पताल बन्ने**

सरकारले सातै प्रदेशमा एक-एक मेडिकल कलेज निर्माण गर्ने योजनाअनुसार तिलोत्तमामा बुटवल मेडिकल कलेज बनाउने निर्णय गरेको थियो। आयोजना कार्यालयले एकहजार बेड (शैया) को जनरल अस्पताल बनाउने डीपीआर तयार गरेको छ। 'सुरुमा दुई सय बिघामा अन्तर्राष्ट्रियस्तरको अस्पतालसहित अन्तर्राष्ट्रियस्तरको चिल्ड्रेन पार्क, स्वीमिङ पुल, स्कुललगायत अन्य पूर्वाधार पनि बनाउने योजना थियो, तर ५० बिघामात्रै जमिन उपलब्ध भएपछि मेडिकल कलेजलाई अत्यावश्यक संरचनामात्रै बनाउछौं,' आयोजना प्रमुख दिनेश देवकोटाले भने-'लामो समय निर्माणको चरणमा आउन नसकेको आयोजना अब अघि बढ्ने आशा पलाएको छ, यसमा सबैको सकारात्मक साथ आवश्यक छ।'

**साढे १९ अर्ब लागत**

एक हजार बेडको मेडिकल कलेज बनाउन मूल्य अभिवृद्धि कर (भ्याट) बाहेक साढे १९ अर्ब रुपैयाँ लाग्ने आयोजना प्रमुख देवकोटा बताउँछन्।

उनका अनुसार मुटु र क्यान्सरको छुट्टै अस्पताल बनाउने तयारी छ। 'मुटु र क्यान्सर अस्पताल बनाउने योजना छ, त्यसको अध्ययन पनि भइसकेको छ, तर पहिला जनरल अस्पताल नै बनाउनुपर्छ।'- उनले भने।

कलेज निर्माण क्रममा टेन्डर आह्वान भएर निर्माण कम्पनीबिच प्रतिस्पर्धा हुँदा लागत घट्ने अपेक्षा आयोजनाको छ। डीपीआर अध्ययन गर्न २ करोड ८८ लाख रुपैयाँ खर्च भएको थियो।

आयोजनास्थल वन क्षेत्रमा भएकाले ११ हजार रुख काट्नुपर्ने अध्ययनले देखाएको छ। इआइए अध्ययन अनुसार ११ हजार रुख काट्नुपर्ने देखिए पनि सबै रुख नकाटिने आयोजनाले जनाएको छ।

'५० बिघा जमिनमा ११ हजार रुख काट्नुपर्ने देखिएको हो तर पूरै काट्नु पर्दैन,' आयोजना प्रमुख देवकोटाले भने-'आवश्यकताअनुसार काट्दै जाने हो। बढीमा ५ हजार रुख काटिन्छ होला।' मेडिकल कलेजको भौतिक संरचना ५ वर्षभित्र निर्माण गर्ने योजना छ।

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# ‘भैरहवाबाट अन्तर्राष्ट्रिय उडान रोकिंदा व्यवसायी चिन्तित’



बुटवल । नेपाल उद्योग वाणिज्य महासंघका लुम्बिनी प्रदेश अध्यक्ष कृष्णप्रसाद शर्माले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा भएको रोकावटले यस क्षेत्रका उद्योगी व्यवसायीलाई चिन्तित बनाएको बताएका छन् । निर्माण पूरा भएको लामो प्रतिक्षा पछि सञ्चालनमा आउँदा उत्साह थपिएको बताउँदै उनले अहिले विमानस्थलमा उडान अवतरण रोकिँदा यस क्षेत्रका उद्योगी व्यवसायीलाई गम्भीर र चिन्तित बनाउनुका साथै निराशा पैदा गराएको बताए ।

बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीको ३१औं परिषद् सभालाई सोमबार बुटवलमा सम्बोधन गर्दै उनले यस्ता गतिविधिले यस क्षेत्रको औद्योगिक तथा व्यवसायिक विकासमा गिरावट आउने भनाइ राखेका थिए । उनले सरकारी निकायका यस्ता गतिविधिले उद्योगी व्यवसायीलाई निराश बनाएको बताउँदै यसले मुलुकको अर्थतन्त्रमा गम्भीर असर गर्ने दाबी गरे । प्रदेश अध्यक्ष शर्माले उद्योगी व्यवसायीका समस्या सुन्न र पैरवी गर्नका लागि आफूहरु तयार रहेको बताउँदै तल्लो तहबाट समस्याको पहिचान गरी आफूहरुलाई सुझाव दिन आग्रह गरे ।

त्यस अवसरमा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य तथा संघका निवर्तमान अध्यक्ष उज्ज्वलप्रसाद कसजूले उद्योगी व्यवसायीका समस्या समाधानका लागि महासंघले पहल गरिरहेको बताउँदै महासंघको पहलकै कारण बैंकको व्याजदर घटेको दाबी गरे । उनले मुलुकलाई ग्रे लिस्टबाट हटाउनको लागि पहल भैरहेको बताउँदै ग्रे लिस्टबाट हटाउन सकिएन र यसले अर्थतन्त्रमा झनै ठूलो असर गर्ने भनाइ राखेका थिए । त्यसैगरी उनले कतिपय स्थानीय तहले मापदण्ड विपरीत विज्ञापन कर असल गर्न थालेको बताउँदै त्यसका बारेमा जोडतोडले आवाज उठाउनु पर्ने भनाइ राखेका थिए ।

कार्यक्रममा बोल्दै संघका अध्यक्ष हरिप्रसाद अर्यालले संघले यो वर्ष गरेका कार्यक्रम तथा पहल र पैरवीका बारेमा जानकारी गराएका थिए भने त्यसको समीक्षा गर्न र भावी कार्यक्रम तय गर्नका लागि सुझाव सल्लाह दिन परिषद्का सदस्यहरु बस्तुगत समितिका सभापतिहरुलाई आग्रह गरे ।

त्यस अवसरमा संघका पूर्व अध्यक्ष ज्ञानेन्द्र कसजू, सिद्धार्थनगर उद्योग वाणिज्य संघका अध्यक्ष नेत्र आचार्य, संघका वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरे, महासचिव मुक्तिप्रसाद अधिकारी, पूर्व सचिव कृष्णकुमार श्रेष्ठ, कृषि परामर्शदाता डा. प्रदिप शर्मालगायतले संघले गर्ने कार्यक्रमसँगै परिणामको पनि खोजी गर्नुपर्ने भनाइ राखेका थिए ।

त्यसैअवसरमा संघले प्रकाशन गरेको नयाँ वर्ष २०८२ सालको क्यालेण्डर विमोचन गरिएको छ भने क्यालेण्डर प्रकाशनमा सहयोग गर्ने सहयोगी हातहरुलाई सम्मान गरिएको क्यालेण्डर प्रकाशन समितिका संयोजक तथा संघका कार्यसमिति सदस्य काशीराम पौडेलले जानकारी गराए ।

# वनबाटिकामा नयाँ कार्यसमितिलाई पद हस्तान्तरण



तिलोत्तमा । शंकरनगर वन बिहार तथा अनुसन्धान केन्द्र (वनबाटिका)को चौथो अधिवेशनबाट निर्वाचित कार्यसमितिलाई पद हस्तान्तरण गरिएको छ । यही चैत २२ गते भएको अधिवेशनबाट खिमलाल पाण्डे अध्यक्षमा, उपाध्यक्षमा मिनप्रसाद देवकोटा, सचिवमा विदुर केसी, कोषाध्यक्षमा मनिराम भट्टराई र लेखा समिति संयोजकमा प्रदीप पराजुली (निर्विरोध) तथा दुई जना लेखा समिति सदस्यमा सन्दीप भट्टराई र विष्णुप्रसाद सुवेदी निर्वाचित भएका थिए ।

यस्तै ७ जना कार्यसमिति सदस्यमा विन्दु ढकाल, लक्ष्मण मल्ल, सरस्वती बराल, शंकर भण्डारी र पार्वती क्षेत्री, राममाया पौडेल र ज्योतिमाया थापा निर्वाचित भएकी छन् । दुईजना कार्यसमितिले मनोनित गर्ने व्यवस्था छ ।

सोमबार वनबाटिकास्थित पुष्पलाल भवनमा निर्वाचन समितिका संयोजक मोहन चापागाईंले निर्वाचित पदाधिकारी र सदस्यहरुलाई प्रमाणपत्र वितरण तथा सपथ ग्रहण गराएका हुन् । निवर्तमान सचिव फर्सुराम भण्डारीले विदुर केसीलाई माइन्यूट हस्तान्तरण गरे भने कोषाध्यक्षमा यसअघिकै मनिराम भट्टराई र लेखा सुपरिवेक्षण समितिमा पनि यसअघिकै प्रदीप पराजुली दोहोरिएका छन् ।

पद हस्तान्तरण कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य बसन्त सी, निर्वाचन समिति संयोजक मोहन चापागाईं, नेकपा एमालेका नगर अध्यक्ष मिनप्रसाद पोखरेल, माओवादी केन्द्रका नगर अध्यक्ष एवं निवर्तमान अध्यक्ष बेलप्रसाद शर्मा, रास्वपाका नगर अध्यक्ष रुस्तम कंडेल, राष्ट्रिय जनमुक्ति पार्टीकी नगर अध्यक्ष राधिका श्रीस, शंकरनगर सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष रविन्द्र बस्नेत, वनबाटिकाका नवनिर्वाचित अध्यक्ष खिमलाल पाण्डे, सल्लाहकार केशवराज न्यौपाने, सहयात्री नेपालका तिलक शाहीलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

वार्षिक पाँच लाख पर्यटक घुम्न आउने वनबाटिका लुम्बिनी प्रदेशकै ठूलो र फराकिलो क्षेत्रफल भएको उद्यान हो । शंकरनगर सामुदायिक वन क्षेत्रभित्र रहेको यो उद्यान २०६२ सालदेखि सञ्चालनमा आएको हो ।

# लुम्बिनी प्रदेशमा चार सयभन्दा बढी सिँचाइ पूर्वाधार निर्माण

बुटवल । लुम्बिनी प्रदेश सरकारले सिँचाइ पूर्वाधार विकासमा उल्लेखनीय प्रगति हासिल गरेको जनाएको छ । प्रदेश सरकार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका अनुसार प्रदेशमा हालसम्म ४०३ वटा सिँचाइ बाँध तथा मुहान निर्माण सम्पन्न भइसकेका छन् ।

ती सिँचाइ आयोजनामा पक्की नहर तथा कुलो निर्माणतर्फ पनि उल्लेखनीय प्रगति देखिएको छ । हालसम्म ८३२ किलोमिटर पक्की नहर निर्माण सम्पन्न भएका छन् । लिफ्ट सिँचाइ प्रणालीअन्तर्गत १०७ वटा आयोजना सञ्चालनमा छन् । जसमा चालु आर्थिक वर्षमा दुईवटा नयाँ योजना थपिएका छन् ।

सिँचाइ पहुँच विस्तारका लागि स्यालो र डिप ट्यूबवेल जडानमा समेत जोड दिइएको छ । अहिलेसम्म ७५९ वटा स्यालो ट्यूबवेल र २३२ वटा डीप ट्यूबवेल जडान भइसकेका छन् । पम्प हाउसको संख्या ३८६ पुगेको छभने सिँचाइ प्रयोजनका लागि ८२ वटा आयोजना विद्युतीकरण गरिएका छन् । पाइपलाइन विस्तार कार्यअन्तर्गत ७४७ किलोमिटर पाइपलाइन बिछ्याइएको मन्त्रालयले जनाएको छ ।

प्रदेशभर थप २१ हजार ५५ हेक्टर क्षेत्रमा सिँचाइ सुविधा पुऱ्याइएको छभने ७३ हजार ७६८ हेक्टर क्षेत्रमा सिँचाइ संरचनाको सुदृढीकरण गरिएको छ । नदी नियन्त्रणतर्फ २११ किलोमिटर तटबन्ध निर्माण भइसकेको छ, जसबाट दुई हजार ६३२ हेक्टर जमिन उकासिएको तथा १४ हजार ११९ हेक्टर जमिन र १७ हजार ४९८ घरधुरी सुरक्षित गरिएको छ ।

**५५ प्रतिशत भू-भागमा सिँचाइ सुविधा विस्तार**

लुम्बिनी प्रदेशमा ५५ प्रतिशत भू-भागमा सिँचाइ सुविधा विस्तार भएको प्रदेश सरकारले जनाएको छ । कुल सिँचाइयोग्य जमिनमध्ये ३३ प्रतिशत भू-भागमा मात्र बाह्रै महिना सिँचाइ सेवा उपलब्ध रहेको छ । प्रदेश सरकारको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले कृषिमा उत्पादन वृद्धि गर्दै आर्थिक, सामाजिक र वातावरणीय सन्तुलन कायम गर्ने दीर्घकालीन सोचअनुरूप सिँचाइ पूर्वाधार विस्तारलाई प्राथमिकता दिएको जनाएको छ । मन्त्रालयअन्तर्गत सिँचाइ पूर्वाधार निर्माण, जलस्रोतको संरक्षण तथा प्रकोप व्यवस्थापनसम्बन्धी विविध कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

प्रमुख योजनाहरूअन्तर्गत दाङ जिल्लाका लागि प्रगन्ना सिँचाइ योजना र कपिलवस्तुको बाणगङ्गा सिँचाइ योजना सञ्चालनमा छन् । यिनको व्यवस्थापन र मर्मतका लागि छुट्टाछुट्टै सिँचाइ व्यवस्थापन कार्यालय स्थापना गरिएको छ । प्रदेश सरकारले सिँचाइ पूर्वाधार सुदृढीकरणमार्फत् कृषि उत्पादकत्व वृद्धि, खाद्य सुरक्षाको स्थायित्व र वातावरणीय दिगोपनाको लक्ष्य लिएको स्पष्ट पारेको छ ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सिँचाइमा उत्पन्न भएको पानीको सङ्कट समाधानका लागि वैकल्पिक उपायहरू अभ्यासमा ल्याउन सकिने बताएका छन् ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय लुम्बिनी प्रदेशले सिँचाइ दिवस २०८१ को अवसरमा यहाँ आयोजना गरेको कार्यक्रममा सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले पोखरी निर्माण गरी वर्षाको पानी सङ्कलन गरेर सिँचाइ तथा खानेपानी दुवैमा उपयोग गर्न सकिने योजना अघि बढाउँदा पानीको समस्या समाधान गर्न सकिने उल्लेख गरे ।

मुख्यमन्त्री आचार्यले पानीका स्रोतको संरक्षण र मितव्ययी प्रयोगमा ध्यान दिनुपर्ने उल्लेख गर्दै जमिनमुनि र सतह दुवै तहको पानीको स्रोत क्रमशः घट्दै गएकाले सिँचाइ आयोजनासमेत रुग्ण अवस्थामा पुगेकोप्रति चिन्ता व्यक्त गरे । कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री सीता शर्मा चौधरीले प्रदेश सरकारले सिँचाइ आयोजनातर्फ पर्याप्त बजेट विनियोजन गरी आयोजना निर्माणका कामलाई अगाडि बढाएको बताइन् ।

# बुटवल हस्पिटलमा रक्तदान



बुटवल । विश्व स्वास्थ्य दिवसका अवसरमा बुटवल हस्पिटल प्रालिले रक्तदान कार्यक्रम गरेको छ । पछिल्लो समय रगतको अभाव भैरहेको बेला हस्पिटलले गरेको रक्तदानमा ६४ युनिट रगत संकलन भएको छ ।

बुटवल हस्पिटलले नियमित रुपमा रक्तदान कार्यक्रम गर्दै आएको छ । आफ्नोवार्षिक कार्यक्रमअनुसार आयोजित रक्तदान कार्यक्रममा हस्पिटलका चिकित्सकहरु, नर्सिङ स्टाफहरु, अन्य मेडिकल तथा प्रशासनका कर्मचारीहरु, सरसफाइकर्मी तथा सुरक्षाकर्मीहरु, क्यान्टीनका कर्मचारीहरु, बिरामीका आफन्त तथा शुभेच्छुकहरुले रक्तदान गरेका थिए ।

रक्तदानमा सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्दै अस्पतालका अध्यक्ष चुन्नप्रसाद पौडेलले अस्पतालहरुमा रगतको अभाव भैरहेको हुँदा रक्तदान कार्यक्रम गरिएको बताए । उनले रगतदान गरेमा अर्को एक जना बिरामीको ज्यान बच्न सक्छ भन्ने भावनाको विकास गर्नका लागि पनि हस्पिटलले रक्तदान कार्यक्रम नियमित रुपमा गर्दै आएको बताए ।

रक्तसञ्चार केन्द्र बुटवलको प्राविधिक सहयोगमा कार्यक्रम गरेको अस्पतालका मेडिकल सुपेरटेण्डेन डा.कृष्णप्रसाद खनालले बताए । अस्पताल एक सय शैया सञ्चालनमा रहेको छ ।

# ‘महिला लेजेण्ड टी-२० सिरिज’ सुरु



भैरहवा । रुपन्देहीको भैरहवामा मुलुकमै पहिलोपटक पूर्व महिला क्रिकेट खेलाडीहरुबिच ‘महिला लेजेण्ड टी-ट्वान्टी सिरिज’ सुरु भएको छ । नेपालमा पुरुष लेजेण्ड क्रिकेट हुँदै आए पनि महिला लेजेण्ड भने पहिलोपटक आयोजना भएको हो ।

सन् २००७ र २००९ मा खेलेका पूर्व राष्ट्रिय र अन्तर्राष्ट्रिय महिला खेलाडीहरुको छुट्टाछुट्टै टिम बनाएर सिरिज आयोजना गरिएको हो । सोमबार सिद्धार्थ क्रिकेट मैदान, भैरहवामा भएको खेलमा सन् २००९ को लेजेण्ड महिला टिम ५ विकेटले विजयी भएको छ । जितका लागि पाएको ८३ रनको लक्ष्य सन् २००९ टिमले ८ ओभरमा ५ विकेट गुमाएर पूरा गर्दै जित निकाल्यो । उसको जितमा सरु पुनले ४१ र शोभा आलेले १४ रनको योगदान गरिन् । बलिङमा सन् २००७ टिमका सुस्मिता चौधरी र निरा राजउपाध्यायले समान १-१ विकेट लिए ।

यसअघि टस जितेर ब्याटिङ गरेको सन् २००७ को टिमले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर ८२ रनको सामान्य योगफल बनाएको थियो । उक्त टिमका लागि निराराज उपाध्यायले २३ तथा मधु थापा र नेरी थापा मगरले समान १३-१३ रन बनाए । बलिङमा सन् २००९ को टिमका करुणा भण्डारीले ४, सोनु खड्काले २ तथा रितु कनौजिया र सीता शाहीले १-१ विकेट लिए ।

रुपन्देहीको कोटहीमाई गाउँपालिकामा रहेको योलो ड्रिकिङ वाटरको आयोजना र रुपन्देही क्रिकेट संघको सहआयोजनामा सिरिज सुरु भएको हो । दुई दिनसम्म चल्ने सिरिजमा मुलुकभरबाट पूर्व क्रिकेटर महिला खेलाडीहरु भैरहवा आएका छन् । उक्त सिरिजमा लेदर बलको प्रयोग गरिएको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई
सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com